# अर्थ ( आय ) विभागको सूचना

## बन्दूक हातहतियारको लाइसेन्स दस्तुर

बन्दूकहरूको लाइसेन्स लिने विषयमा देहायमा लेलिएबमोजिम्, दस्तुर लिने श्री ५ महाराजाधिराज र मौसूफका परामर्श–दातृसभाबाट ०६ फाल्गुन २२ गते निर्णय भएबमोजिम गर्नु भन्ने हुकुम भएको छ भनी श्री ५ महाराजाधिराजका सेक्रेटरी आफिसबाट लेखी आएको हुनाले सोबमोजिम नु गराउनुहोला।

| असामी | एक जिल्लालाई | नेपालभरलाई | |
|---|---|---|---|
| **दर्ता गराउँदा:—** | | | |
| पेस्तोल रिभलवर | मोरु १०। दश | मोरु २०। बीस | |
| बन्दूक | ऐ ५। पाँच | मोरु १०। दश | |
| हावादारीभरुवा | ऐ ४। चार | मोरु ४। चार | |
| **रिन्यू गराउँदा:—** | | | |
| पेस्तौल रिवलवर | मोरु ५। पाँच | मोरु १०। दश | |
| बन्दूक | मोरु २। ५० साढे दुइ | मोरु ५। पाँच | |
| हावादारी र भरुवा | मोरु १। एक | २। दुइ | |
| **जर्नी लाईसेन्स:—** | | | |
| पेस्तौल रिवलवर | मोरु १०। दश | मोरु १०। दश | यो लाईसेन्स ६ |
| बन्दूक | मोरु ५। पाँच | मोरु ५। पाँच | महीना सम्मको |
| हावादारी र भरुवा | मोरु ४। चार | मोरु ४। चार | मात्र दिने |
| **खरीद् गर्दा:—** | | | |
| पेस्तौल रिवलवर | मोरु १०। दश | मोरु २०। बीस | |
| बन्दूक | मोरु ५। पाँच | मोरु १०। दश | |
| हावादारी र भरुवा | मोरु ४। चार | मोरु ४। चार | |

आधिकारिकांस मुद्राईविभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शिकारकैः—

| | | |
|---|---|---|
| जुनसुकै बन्दूक जति थान भए पनि | मोरु १० फी थान | मोरु ३ तीस फी थान |
| रीन्यू गराउँदा | मोरु ५ ,, | मोरु १५। ,, |

टेम्पोररी लाइसेन्सः—

| | | |
|---|---|---|
| पेस्तौल रिवलवर | मोरु १०। दश | मोरु १०। दश |
| जुनसुकै बन्दूक राइफल | मोरु ५। पाँच | मोरु ५। पाँच |

नोटः यो दरवन्दीमा मोरुलाई करु गर्नुपरेमा मोरु १०० को करु ८० को हिसाबले गर्नु।

रामप्रसाद जोशी,
असिस्टेन्टसेक्रेटरी-अर्थ(आय) विभाग,

# अर्थ (आय) विभागको सूचना

## फिलिमको भन्सार महसूल र मनोरञ्जनकरको रेट

०९ साल फाल्गुन २१ गते श्री ५ महाराजाधिराज र मौसूफका परामर्शदाताहरूको सभाबाट फिलिमको भन्सार महसूल र मनोरञ्जन करविषयमा देहायबमोजिमको संशोधित रेट पास भै आएको हुनाले सोबमोजिम गर्नु गराउनुहोला।

### फिलिमको भन्सार महसूल

| असामी | कम्पनीको दरबन्दी भएको ठाउँमा | मोहरको दरबन्दी भएको ठाउँमा |
|---|---|---|
| (१) (क) सिनेमा फिलिमहरुमा | ।१ एक आना प्रतिफूट | ।८ आठपैसा प्रति फूट |
| (ख) वैज्ञानिक, स्वास्थ्य, नागरिकज्ञान, उद्योग— | | |

प्रतिलिपि मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार